# लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/......... गते

यस महालक्ष्मी विकास बैंक लि. को तपसिलमा उल्लेखित शाखाहबाट तपाईं ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०७९/१०/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अबस्थामा छ सोही अबस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ। सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलवन्दी बोलपत्रद्धारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम वोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुनः लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

## सिमरा शाखा

**१. ऋणी : श्री राहुल ईन्टरप्राईजेज (प्रो. राकेश कुमार साह)**
प्रा.फा.र.नं. : ६८०२/०७५/०७६ (घरेलु तथा साना उद्योग कार्यालय, बारा)
दर्ता मिति : २०७५/०५/२४
पान नं. : ६०७५१७२७५
ठेगाना : जितपुर सिमरा उ.म.न.पा.-०७, बारा

**व्यक्तिगत जमानीकर्ताहरु :**

| | | | |
|---|---|---|---|
| क) श्री सुभाष साह | बाबु : श्री सत्यनारायण साह | बाजे : श्री विसुन साह कलवार | |
| ख) श्री निकेश साह | बाबु : श्री सुभाष साह | बाजे : श्री सत्यनारायण साह | |
| ग) श्री दिपेश कुमार साह | बाबु : श्री सुभाष साह | बाजे : श्री सत्यनारायण साह | |
| घ) श्री सिता कुमारी साह | बाबु : श्री राम विहारी साह | पति : श्री निकेश साह | ससुरा : श्री सुभाष साह |
| ङ) श्री राकेश कुमार साह | बाबु : श्री सुभाष साह | बाजे : श्री सत्यनारायण साह | |

ठेगाना : हाल जितपुरसिमरा उ.म.न.पा. ०७, बारा
कर्जा : व्यापार कर्जा (अधिविकर्ष)/हायरपर्चेज कर्जा

**धितो सुरक्षणको विवरण :**

क) श्री विसुन साह कलवारको नाती, श्री सत्यनारायण साहको छोरा, हाल बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०७, जितपुर बस्ने शुभाष साहको नाममा मालपोत कार्यालय बारामा दर्ता कायम रहेको बारा जिल्ला, भवानीपुर जितपुर गा.बि.स. वडा नं. ३ (नक्सा सि.न. ३) स्थित कित्ता नं. ५७४२ को क्षेत्रफल क्रमशः ०-०-४ र श्री शुभाष साहकी बुहारी श्री निकेश साहकी पत्नि हाल जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०७, जितपुर बस्ने सिता कुमारी साहको नाममा मालपोत कार्यालय बारामा दर्ता रहेको बारा जिल्ला, भवानीपुरजितपुर गा.बि.स. वडा नं. ३ (नक्सा सि.न. ३) स्थित कित्ता नं. ५७४३ को क्षेत्रफल क्रमशः ०-०-३ जग्गा, घर तथा सोमा रहेको सम्पुर्ण लिगलगापात समेत।

ख) श्री राहुल ईन्टरप्राईजेजलाई ऋणी कायम गरी नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय वीरगञ्ज, पर्सामा यस बैंकको नाममा दर्ता कायम रहेको मोडेल Ashok Leyland DOST PLUS RLSFSD सवारी दर्ता नं. प्रदेश २-०३-००१ च ०८५३, ईन्जिन नं. EKH027971P, च्यासिस नं. MB1AA22EXKRE65062 भएको पिकअप गाडी थान १।

**शर्तहरु :**

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ।
२. बोलपत्र साथ आफुले बोलकवोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी /गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ।
३. बोलपत्र स्विकृतवालाले बैकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुने छ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ।
५. कारणबस सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ।
६. यस विषयसंग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरीने छैन।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/११/०९ गते बुधबार (कार्यालय समय भित्र)**
**खोलिने मिति : २०८०/११/१० गते बिहीबार दिनको २:०० बजे**
**स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालयमा**

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

**कर्जा असूली विभाग** थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०

सबल बैंक, सफल सहकार्य

www.mahalaxmibank.com

Size: 3x24